# बडी केदार गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### खड्चौली, डोटी
### सुदुरपश्चिम प्रदेश, नेपाल

**एक्जाभेटर ठेक्कामा दिने सम्वन्धि शिलवन्दि दरभाऊपत्र आव्हानको सूचना**

प्रथम पटक प्रकाशित मिति:२०७५।७।०९

यस बडीकेदार गाउपालिकाको स्वामित्वमा रहेको एक्जाभेटरको सचालन तथा व्यवस्थापन प्रक्रियालाई नियमित तथा व्यवस्थित रूपमा सचालन गरी आय आर्जन गर्ने कार्यमा योगदान पुरयाउन ३ महिना का लागि सिलवन्दि दरभाऊपत्रको माध्यम द्वारा ठेक्कामा लगाउनु पर्ने भएकोले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र उक्त कार्य ठेक्कामा लिन चाहने ईच्छुक ईजाजत प्राप्त निर्माण व्यवसायी फर्महरुले देहाय वमोजिमको शर्तहरुको अधिनमा रहि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिलका शर्तहरु**

१. न्यूनतम मासिक भाडा अक रु ५,००,०००।०० (पाच लाख मात्र) कायम गरिएको छ।

२. निवेदन सहितको दरभाऊपत्र मिति २०७५।७।२३ गते कार्यालय समय भित्र यस कार्यालय बाट रु.१००० (फिर्ता नहुने गरी) को दरभाऊपत्र दस्तुर तिरी खरीद गर्न सकिनेछ।

३. सिलवन्दि दरभाऊपत्र मिति: २०७५।७।२४ गते १२ बजेभित्र पेश गरिसक्नु पर्नेछ।

४. सिलवन्दि दरभाऊपत्र मिति २०७५।७।२४ गते दिनको २:०० बजे खोलिने हुदा सो समयमा वोलपत्रदाता वा निजले तोकेको व्यक्ति उपस्थित हुनु पर्नेछ, उपस्थित नभएमा पनि वोलपत्र खोल्न बाधा पर्नेछैन।

५. सिलवन्दि दरभाऊपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परे लगतै कार्यालय खुलेको दिन सो सम्वन्धि काम हुने छ।

६. भाडामा लिने पक्षले दरभाऊपत्र स्वीकृत भएपश्चात आफुले कवोल गरेको ठेक्का अंकको २५ % रकम यस गा.पा. कार्यालयको राष्ट्रिय वाणिज्य बैंक सिलगढी स्थित धरौटी खाता हि.न. ४१००३०३००७१०८ मा जम्मा गरी सक्कलै भौचर पेश गर्नुपर्ने छ।

७. सिलवन्दि दरभाऊपत्र दाताले कवोल गरेको ठेक्का अंक वरावरको नगद रकम वा राष्ट्रिय वाणिज्य बैंकद्धारा ठेक्का अवधिसम्मको लागि जारी गरिएको परफरमेन्स वण्ड दाखिला गरेपछि मात्र ठेक्का चलनको पट्टा पुर्जी प्रदान गरिनेछ।

८. ठेक्का स्विकृत भएपछि मासिक भाडाको रकम प्रत्येक महिनाको दोस्रो हप्ता भित्र गाउपालिकाको संचित कोष खातामा दाखिला गरिसक्नु पर्नेछ।

९. वोलपत्रमा ठेक्का अंक उल्लेख गर्दा अंक र अक्षर दुवैमा स्पष्ट लेखेको हुनु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता प्रदान गरिनेछ।

१०. यस कार्यालयवाट प्रमाणित नगरि विक्री भएको ,म्याद नाघी आएको वोलपत्र माथी कुनै कारवाही हुने छैन।

११. सिलवन्दि दरभाऊपत्र स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

१२. यस सम्वन्धी कुनै कुरा बुझ्न चाहेमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिने छ।

१३. यस सुचनामा नपरेका विषय यस गाउपालिकाको एक्जाभेटर तथा अन्य मेशिनरी संचालन तथा व्यवस्थापन निर्देसिका, २०७४ वमोजिम हुनेछ। यो कार्यविधि गाउपालिकाको वेवसाइटमा हेर्न र डाउनलोड गर्न सकिनेछ।

प्रमुख प्रशासकीय अधिकृत

दिपक पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत

Email: doti.badikedar@gmail.com, Phone: 9858428000

Scanned by CamScanner